अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या : ३ मिति : २०८०/०१/१३


**भाग-२**

## अन्नपूर्ण गाउँपालिका

अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८०

**अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८०**

अन्नपूर्ण गाउँपालिकामा उपलब्ध मानव संशाधनलाई उत्प्रेरित गर्दै उत्पादकत्व वृद्धि हुने गरी कार्य सञ्चालनलाई प्रभावकारी बनाउन, उपलव्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न, तथा उत्पादनमूलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्न अन्नपूर्ण

गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ मिति २०८०।०१।१० गतेको गाउँ कार्यपालिकाको बैठकले देहायको नियमहरु बनाइएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-**

(१) यो निर्देशिकाको नाम **"अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८०"** रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ।

२. **मुल निर्देशिकाको दफा ६ उपदफा १ को ख मा संशोधन :** वडा कार्यालयमा रु पाँच हजार । योजना तर्जुमा, टोल भेला लगायतका विशिष्ट प्रकृतिका कार्यक्रमको हकमा उपस्थिति संख्याको अनुपातमा थप हुन सक्ने सक्ने "भन्ने वाक्यांशको सट्टा" यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वडा कार्यालयमा हुने सबै प्रकृतिका बैठक, अतिथि सत्कार तथा सामान्य सञ्चालन खर्च स्वरुप मासिक रुपमा रु १५०००/- मात्र उपलब्ध गराउने भन्ने वाक्यांश कायम गर्ने ।

राजपत्रमा प्रकाशित मिति : २०८०।०१।१३

आज्ञाले,
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत